# मिति २०७६।१२।३० गते नेपालगंज उपमहानगरपालिकाका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको निर्णयहरु

१) नेपालगंज उपमहानगरपालिकाको **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मादण्ड, २०७६** स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) विश्वव्यापी रुपमा कोरोना भाईरस (COVID-19)को महामारी संक्रमण फैलिरहेकोमा यस उपमहानगरपालिका क्षेत्र र बांके जिल्लामा समेत सो को संक्रमण फैलिनबाट रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि नेपाल सरकारबाट निर्णय भए बमोजिम भएको लकडाउनका कारण प्रभावित भएका कार्यविधिमा उल्लेख भए बमोजिमका असङ्ठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहायहरुको लगत संकलन गरी छिटोभन्दा छिटो राहत वितरण गर्ने निर्णय गरियो ।

३) नेपालगंज स्थित क्वारेन्टाईनमा रहेका व्यक्तिहरुको खाना व्यवस्थापन तथा नगरभित्र बसोबास गरी बस्ने लकडाउनका कारण समस्यामा परेका दैनिक ज्याला मजदुरी गरी जिविकोपार्जन गर्ने अतिविपन्न श्रमिक वर्गहरुलाई राहत प्याकेज वितरणका लागि सहयोग उपलब्ध गराईदिनका लागि ५ नं. प्रदेश र केन्द्र सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

४) यस नेपालगंज उपमहानगरपालिका भित्र विभिन्न व्यक्ति तथा संघसंस्थाहरुले नेपाल सरकारको निर्णय तथा गृह मन्त्रालयको पत्र र मिति २०७६।१२।१६ गते प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको बैठकबाट राहत वितरण सम्बन्धी भएको निर्णयको मर्म विपरित स्थानीय तहसंग समन्वय नगरी आफु खुसी राहत वितरण गरेको कार्य प्रति नगरपालिकाको ध्यानाकर्षण भै एकद्वार प्रणाली मार्फत स्थानीय तहसंगको समन्वयमा मात्र वितरण कार्यलाई अगाडि बढाउन स्थानीय प्रशासन लगायत सबै सरोकारवालाहरुको ध्याणाकर्षण गराउने निर्णय गरियो ।

५) यस उपमहानगरपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संचालन हुने राहत वितरण सम्बन्धी कार्यको अनुगमनको लागि नगर प्रमुख डा. धवल शम्सेर राणाज्यूको संयोजकत्वमा देहायका सदस्य रहने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क). डा. धवल शम्सेर राणा | नगर प्रमुख |
| ख). श्री उमा थापा मगर | उप प्रमुख |
| ग). श्री मन्जु नेपाली | कार्यपालिका सदस्य |
| घ). श्री कौशल कुमार धोबी | कार्यपालिका सदस्य |
| ङ). श्री देउमल सुनार | कार्यपालिका सदस्य |

६) नव वर्ष २०७७ को शुभ अवसरमा सम्पूर्ण नगरवासीहरुमा सुस्वास्थ्य, सुख, शान्ती, समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।